म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१४ अङ्क:- ८९ २०८० भदौ २८ गते बिहीबार 14 September 2023, Thursday - पृष्ठ ४ मूल्य रु. ५/-

गुणस्तरीय अनि विश्वसनीय प्रयोगशाला

QRL (Qualified Reference Lab)

हामीकहाँ थाइराइड, बायप्सी, रुटिन टेस्ट, भिटामिन जाँच, क्यान्सर मार्करलगायत प्रयोगशाला सेवा रहेका छन् । हरेक महिनाको अन्तिम शनिबार थाइराइड परीक्षणमा ५० प्रतिशत छुट, फास्टिङ तथा पीपीमा सुगर टेस्ट फ्रि ।



**सम्पर्क** ०५७-५९०९७७

QRL (Qualified Reference Lab)

हेटौंडा-१, ब्लडबैंकअगाडि

### डाक्टरलाई कुट्नेले प्रहरी प्रमुखकै कोठामा डाक्टरलाई काट्छु भने !

# त्रासले हेटौँडाका सबै डाक्टर राजिनामा दिएर जिल्ला छाड्दै



*डाक्टरमाथि आक्रमण गर्ने समूह ।*

समाज संवाददाता

हेटौँडाः विरामीको उपचार गरिरहेका डाक्टरमाथि सांघातिक आक्रमण गर्ने समूह र पीडित डाक्टरबीच मकवानपुर प्रहरी प्रमुख सीताराम रिजालले आफ्नै कार्यकक्षमा वार्ता गराएका छन् । डाक्टर माथि सांघातिक आक्रमण गर्ने समूहलाई कारवाही गर्नुविपरित आफ्नै कार्यकक्षमा वार्ता गराउने क्रममा डाक्टरमाथि आक्रमण गर्ने समूहले प्रहरी प्रमुखकै अगाडि डाक्टरलाई काट्छु समेत भने पनि प्रहरी प्रमुखले आक्रमणकारीलाई कारवाही गरेनन् ।

बुधबार विहान १० बजेको समयमा हेटौँडा-१ स्थित सञ्चो हस्पिटलमा विरामीको उपचार गराउँदै गरेका डाक्टर विकास थापा र प्रशान्त विडारीमाथि आक्रमण भएको थियो । प्रहरी प्रमुखकै अगाडि काट्छु, मार्छु भनेपछि आक्रमणमा परेका डाक्टरहरुले आक्रमणकारीविरुद्ध जाहेरी नै दर्ता गराएनन् । प्रहरी प्रमुखकै कोठामा अस्वभाविक वार्ता र धम्की सुनेपछि हेटौंडामा कार्यरत अधिकांश डाक्टरले राजिनामा दिएर जिल्ला छाड्ने तयारी गरेका छन् । सांघातिक आक्रमणमा परेका डाक्टरले भने, "प्रहरी प्रमुखकै अगाडि काट्छु, मार्छु भन्दा कसरी जाहेरी दर्ता गर्ने ? यस्तो जोखिमपूर्ण अवस्था देखेर हेटौँडा अस्पतालमा कार्यरत अधिकांश डाक्टरले जिल्ला छाड्ने भन्दै राजिनामा दिँदैछन् । उनीहरु बिहिबार नै राजिनामा दिएर हिँड्ने तयारीमा छन् ।"

घटनाका विषयमा बुझ्न खोज्दा मकवानपुर प्रहरी प्रमुख प्रहरी उपरीक्षक सिताराम रिजाल, जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता समेत रहनुभएका प्रहरी नायव उपरीक्षक लक्ष्मी भण्डारीको फोन उठेन । यता मकवानपुरका प्रमुख जिल्ला अधिकारी सूर्यप्रसाद सेढाईले पनि प्रहरी कार्यालयमै वार्ता भएर डर, त्रासका कारण डाक्टरले जाहेरी नै दर्ता गराएनन् भन्ने जानकारी गराउँदा प्रहरी प्रमुखसँग बुझेर जानकारी गराउँछु भन्नुभयो । तर, प्रहरीसँग बुझे, नबुझेको विषयमा जानकारी लिनका लागि फोन गर्दा प्रमुख जिल्ला अधिकारी सेढाईको पनि फोन उठेन ।

सांघातिक आक्रमण भएको विषयमा प्रहरी, प्रशासनको मौनताले हेटौँडामा त्रासको वातावरण बनेको छ । सञ्चो हस्पिटलका सञ्चालकले पनि दोषीमाथि कारवाहीका लागि मुद्दा दर्ता गराउन भन्दा सहमति डाक्टरहरुलाई भनेको बताइएको छ । पीडित डाक्टरले भने, "अस्पतालका सञ्चालकले नै कारवाहीका लागि मुद्दा दर्ता गराउन भन्दा मुद्दा दर्ता नगराउन प्रेरित गरेपछि हामी चुप बस्न बाध्य भयौं ।" घटनाबारे बुझ्न सञ्चो हस्पिटलका अध्यक्ष विजय पुडासैनीलाई फोन गर्दा उनले पनि फोन उठाएनन् ।

४ जना महिला र ८/१० जना पुरुषको एक समूहले सञ्चो हस्पिटलको एचडीयु वार्डमा विरामीलाई उपचार गरि रहेका डा. थापा र डा. विडारीमाथि सांघातिक आक्रमण गरेका हुन् । एक महिनाअघि सञ्चो अस्पतालमा डेंगु संक्रमित विरामी हेटौँडा-१२, पदमपोखरीका ४१ वर्षीय राजेश प्रधानको उपचारमा लापरबाही भएको भन्दै एक समूहले कुटपिट गरेका हुन् । डेंगु पुष्टि भएका प्रधान आराम गर्ने भनेर घर गएका थिए भने केही दिनमै फेरी अस्पतालमा भर्ना भएका थिए । दोस्रो पटक डेंगु संक्रमित प्रधानलाई भरतपुरमा उपचारका लागि लगेकोमा एक दिनपछि मृत्यु भएको थियो ।

यता नेपाल चिकित्सक संघले बुधबारै विज्ञप्ति प्रकाशन गरेर डाक्टरमाथि सांघातिक आक्रमणको भर्त्सना गरेको छ । डाक्टरमाथि आक्रमण गर्ने समूहलाई कारवाही गर्न संघले माग गरेको छ । दोषीलाई ७२ घण्टाभित्र कारवाही नगरे संघले चरणबद्ध आन्दोलनको घोषणा गर्ने जनाएको छ ।

# पित्तथैली शल्यक्रियाको प्रतीक्षा सूची २०८३ सम्म पूरा

समाज संवाददाता

हेटौंडाः हेटौंडा अस्पतालमा पित्तथैलीको शल्यक्रिया गर्ने बिरामीको प्रतीक्षा सूची २०८३ सम्म पूरा भएको छ । अस्पतालको शल्यक्रिया विभागमा आएका बिरामीमध्ये शल्यक्रिया गर्नुपर्ने बिरामीको सूची २०८३ सम्मका लागि पूरा भइसकेको हेटौंडा अस्पतालका शल्यक्रिया चिकित्सक डा. विनयकुमार शाहले जानकारी दिनुभयो ।

डा. शाहले अस्पतालमा पित्तथैलीको शल्यक्रिया गर्ने एउटामात्र मेसिन भएको र जनशक्ति अभावका कारण समस्या आइरहेको बताउनुभयो । अस्पतालमा पित्तथैलीको शल्यक्रिया सोमबार र बिहीबार गर्ने गरिन्छ । हेटौंडा अस्पतालमा सोमबार र बिहीबार एक-एक जनाको मात्र पित्तथैलीको शल्यक्रिया गर्न सकिने अवस्था रहेको उहाँको भनाइ छ । अस्पतालमा




बिरामीको धेरै चाप भएको समयमा एकैदिन दुईजनाको शल्यक्रिया गर्ने गरेको उहाँले जानकारी दिनुभयो ।

"बिरामीलाई २०८३ सम्म शल्यक्रिया गर्दा धेरै समस्या पर्दैन" डा. शाहले भन्नुभयो- "बिरामीलाई यदि अत्यन्तै गाह्रो या पेट दुख्यो भने हामीले तत्काल शल्यक्रिया गर्ने गरेका छौं ।"

अस्पतालको शल्यक्रिया विभागमा दैनिक एक सयदेखि ११० जनासम्म बिरामी आउने गरेका छन् । बिरामी धेरै पेट दुखेर आउने डा. शाहले बताउनुभयो । आएका बिरामीमध्ये धेरै २० देखि ४० उमेरसम्मका हुने गरेका छन् । पेट दुख्नेबाहेकका बिरामीमा पत्थरी, प्रोस्टेट, चोटपटक, गिर्खा, सिस्ट, स्तनमा बोसो आदि समस्या देखिने डा. शाहले बताउनुभयो ।

हेटौंडा अस्पतालमा जनरल सर्जन डा. निराजन श्रेठ, डा. प्रकाश शाह, डा. निश्चल खनाल गरी ३ जना हुनुहुन्छ । बिरामीअनुसार रोग हेरी शल्यक्रिया गर्नुपर्ने वा औषधी खानुपर्ने डा. शाहले बताउनुभयो । अस्पतालले बीमा भएका बिरामीलाई पुरानो मेडिकल कलेजमा रिफर गर्ने गरेको छ भने ग्रामीण भेगबाट हेटौंडा अस्पतालमा रिफर भएर बिरामी आउने गरेका छन् ।




# प्रदेश प्रहरी कार्यालयको कुकुर सेवानिवृत्त



समाज संवाददाता

हेटौंडाः बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाको केनाईन शाखामा विगत ९ वर्षदेखि कार्यरत रहेका तीन कुकुर सेवानिवृत्त भएको छ । बुधबार शेरे, टाइगर र जोन नामका कुकुरहरु सेवाबाट निवृत्त भएको बागमती प्रदेश प्रहरी कार्यालयका प्रहरी प्रवक्ता दीपक रेग्मीले बताउनुभयो ।

ती कुकुरहरू आफ्नो प्रहरी सेवा पूरा गरी प्रहरी कुकुरहरुको विषयगत संख्या निर्धारण, सेवा प्रवेश तथा सेवामुक्तसम्बन्धी कार्यनिर्देशन-२०८० बमोजिम सेवानिवृत्त भएका हुन् । जोन र शेरे नामका कुकुरहरुले आफ्नो सेवा अवधिमा १ हजार २ सय पटक लागूऔषध खोजी गरी विभिन्न समयमा सफलता हासिल गरेका थिए भने टाइगर नामको कुकुरले सुरक्षाको लागि ७ सय पटक विशिष्ट व्यक्तिहरुको समारोह स्थल, बाटो, संसद भवनलगायत विभिन्न स्थानमा चेकजाँच गरी आफ्नो जिम्मेवारी निर्वाह गरेको थियो ।

बागमती प्रदेशअन्तर्गत्का जिल्लाहरुमा घटेका जघन्य प्रकृतिका शंकास्पद घटनाहरुमा अपराधीको पहिचान गरी अपराध अनुसन्धान गर्नमा समेत उल्लेखित प्रहरी कुकुरहरुको उत्कृष्ट भूमिका रहेको रेग्मीले बताउनुभयो ।

सेवानिवृत्त तीन वटा कुकुरलाई संगठनबाट प्राप्त हुने रासन कट्टी हुने प्रवक्ता रेग्मीले बताउनुभयो । उहाँले भन्नुभयो 'तालिम प्राप्त गरी प्रहरी सेवामा रहेका कुकुरहरुलाई करिब १० वर्ष पुगेपछि उसले गर्ने कामको टेक्निकल टिमले पहिचान गर्छ, उसले प्राक्टिकलमा कति नम्बर ल्याउँछ भनेर रिर्पोट र नम्बरिङ गर्छ । अलि टाढा पुग्न नसकेमा, सुँघ्न नसकेमा फेल हुने र डिस्कार्ट गर्छ ।'

सेवानिवृत्त कुकुरहरुले पुलिसको काम गर्न नसके पनि घरमा दुई-चारवर्ष गार्डको काम गर्न सक्ने उहाँको भनाइ छ । ती कुकुरहरुलाई कसैले निवेदन दिन आएमा भरपाई गरेर लैजान सक्ने उहाँले बताउनुभयो । यदि कसैले नलगेमा उसले पाउनुपर्ने अन्य रासन खुवाएर राखिने उहाँले जानकारी दिनुभयो ।

बागमती प्रदेश प्रहरी मातहतमा अहिले ६ वटा कुकुरहरु रहेको उहाँले बताउनुभयो । जसमध्ये ४ वटा कार्यरत र २ वटा साना बच्चाहरुलाई तालिम दिइरहेको छ । उहाँका अनुसार प्रहरी सुरक्षामा काम गर्ने प्रायः कुकुरहरुलाई विदेशबाट ल्याउने गरिन्छ । ब्रिड कुकुरहरुले तालिम दिँदा छिटो सिक्ने गर्दछन् । बच्चा ल्याएर तालिम दिने र त्यसले सेवा सुरु गर्ने उहाँले बताउनुभयो । कुकुरका बच्चाहरुले खाना खान सुरु गरेपछि सजिलै तालिम गर्न लिन योग्य हुने उहाँले बताउनुभयो ।

# सम्पादकीय

## चिरस्मरणीय मोतीराम

नेपाली भाषा र साहित्यको क्षेत्रमा मोतीराम भट्टको योगदान अतुलनीय मानिन्छ । आदिकवि भानुभक्त आचार्यपछि नेपाली साहित्य आकाशमा उदाएका एउटा सशक्त व्यक्तित्व हुन्, मोतीराम । नेपाली साहित्य वा नेपाली भाषामा एउटा नयाँ र नौलो आयाम दिई नेपाली साहित्य आकाश र नेपाली भाषामा अतुलनीय योगदान दिने यी महान हस्तीको आज जन्मजयन्ती हो । मोतीरामको जन्म १९२३ साल भदौ २५ गते (कुशेऔंशीका दिन) काठमाडौंको भोसिको टोलमा भएको थियो । पिता पण्डित दयाराम भट्ट र माता रिपुमर्दिनीदेवी भट्टका माइला सुपुत्रका रुपमा जन्मिएका मोतीरामले ५ वर्षको उमेरमा अक्षरारम्भ गरेका थिए । ६ वर्षको उमेरमै आफ्ना मातापितासँग भारतको वनारस (काशी) पुगेका मोतीरामको औपचारिक शिक्षा आर्जनको सुरुवात त्यहीं भएको थियो ।

नेपाली साहित्यको गजल विधामा विशेष दख्खल राख्ने मोतीरामलाई गजलका पिता भनेर पनि चिनिन्छ । सानैदेखि साहित्यमा निकै रुचि देखाएका मोतीरामको नेपाली, संस्कृत तथा उर्दू भाषा साहित्यका विधामा राम्रो अध्ययन थियो । उनी होनाहार, ओजस्वी र तपस्वी व्यक्तित्व थिए । उनी स्वदेशी खानु, स्वदेशी लाउनु, स्वदेशी व्यवहार गर्नु, स्वदेशी बोल्नु पर्दछ भन्ने मान्यता राख्दथे । करिब ८ वर्ष बनारस बसाइका क्रममा मोतीरामले हिन्दी भाषामा विभिन्न गजल गाइसकेका थिए र चार सयजति शायरीहरु लेखिसकेका थिए । त्यसबेलासम्म यिनले नेपाली गीत, कविता र गजल कोरेकै थिएनन् । वि.सं १९३७ सालमा बनारसबाट नेपाल आएपछि १५ वर्षकै उमेरमा उनको विवाह भएको थियो । उनी दरबार हाइस्कूलमा भर्ना भई विद्यालय शिक्षा पूरा गरेपछि उच्च शिक्षाका लागि भारतको कलकत्ता पुगे ।

मोतीरामले वि.सं. १९४८ मा आदिकवि भानुभक्त आचार्यको जीवनचरित्रलाई नेपाली साहित्यमा परिचित गराउने काम गरेर प्रसिद्धि कमाएका थिए । नेपाली साहित्यलाई छोटो समयमै उन्नतिको शिखरमा पुर्‍याउन मोतीराम भट्टले भानुभक्त आचार्यजस्ता प्रतिभाको यथेष्ट कदर गरेका थिए । जनजीवनमा साहित्यिक र भाषिक भावनाबाट जागरण ल्याउनका लागि मोतीरामले भानुभक्तका विषयमा लेखेका प्राय: सबै ब्यहोरालाई नै नेपाली साहित्यको इतिहासले आधिकारिकरुपमा ग्रहण गरेको छ । बिहेमा जन्ती गएका बखत उनले रातभरि श्लोकमा जुहारी खेलेको सुनेपछि नेपाली भाषामा पनि यति मीठा कविता लेखिँदारहेछन् भन्ने कुराले उनलाई नेपाली भाषा साहित्यप्रति आकर्षित गरायो । ती सबै जुहारी श्लोकहरु भानुभक्त आचार्यले लेखेका हुन् भन्ने थाहा पाएपछि उनी एक्कासी भानुभक्त आचार्यका गुणगानमा लाग्न थाले । त्यसपछि उनी भानुभक्त आचार्यका कृतिहरु खोजीखोजी प्रकाशन गर्ने काममा जुट्न लागे । मोतीराम भट्ट भानुभक्तका परिचयकर्तामात्र नभई स्वयम् कवि, गजलकार, गीतकार, नाटककार पनि थिए । उनले भारतजीवन भन्ने हिन्दी पत्रिकाको नेपाली संस्करण प्रकाशन गर्दै नेपाली भाषाका पुस्तकहरु पनि छापे ।

नेपाली भाषा साहित्यमा अतुलनीय योगदान दिन सफल भएकै कारण उनी हाम्रो राष्ट्रिय विभूति बनेका छन् । ३० वर्षमात्र बाँचेर १९५३ सालको कुशेऔंशीकै दिन देह त्यागेका मोतीराम भट्ट नेपाली साहित्यमा ठूलो योगदान पुर्‍याउन सफल मानिन्छन् । करिब १५ वर्षजति साहित्यिक क्षेत्रमा सक्रिय बन्न पाएका मोतीराम भट्टले २५ वटा कृति सिर्जना गरेर नेपाली भाषा साहित्यको श्रीवृद्धिमा समर्पण गरे । मोतीराम भट्ट कवि, गजलकार र गीतकार त हुँदै हुन्, उनी प्रथम जीवनी लेखक, समालोचक, अन्वेषक, पत्रकार, मुद्रणालयका संस्थापक, संगठनकर्ता, पुस्तकालय स्थापकका रुपमा पनि परिचित छन् । उनी मीठो स्वर भएका गायक, नाटककार तथा नाटक निर्देशक पनि थिए । उनले सितारवादन पनि जानेका थिए । आफ्नो जीवनको अथक मिहिनेत, बौद्धिक कसरत र हिम्मतका कारणले उनी नेपाली साहित्य क्षेत्रमा चिरस्मरणीय छन् । श्रृंगाररसयुक्त गजल, कवितामा रुचि राख्ने स्रष्टाले सधैं सम्झने गरेका मोतीरामलाई सबै साहित्यनुरागीहरुले पनि सधैं स्मरण गर्दै उनको योगदानको चर्चा र सम्मान गर्नु आवश्यक छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईको राशिफल



पं. ज्योतिष: तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : ज्ञान र क्षमतामा वृद्धि हुने समयको योग छ ।
**वृष** : व्यापार–व्यवसाय मध्यमकारक रहने समय छ ।
**मिथुन** : रोकिएका कामहरु पूर्ण हुने समय योग छ ।
**कर्कट** : धार्मिक र सामाजिक कामले मन शान्ति होला ।
**सिंह** : धार्मिक काममा रुचि बढ्ने समय योग छ ।
**कन्या** : मिहिनेतले मान–सम्मान बढ्ने समयको योग छ ।
**तुला** : परीक्षा–प्रतियोगिताका काममा सफलता नहोला ।
**वृश्चिक** : धार्मिक र परोपकारजन्य काममा समय बित्ला ।
**धनु** : आलस्यले डेरा जमाउने समयको योग छ ।
**मकर** : प्रतियोगी र प्रतिद्वन्द्वीसँग विजय प्राप्त हुनेछ ।
**कुम्भ** : सामाजिक र परोपकारजन्य काममा सरिक भइने छ ।
**मीन** : आँटे ताकेका कामहरु सम्पन्न हुने समयको योग छ ।

# कुशे औंसी

## (बुबाको मुख हेर्ने दिन)



✍विज्ञान रिमाल (दिग्गज)



पितृदेवो भव: । बुबाको मुख हेर्ने, कुशे औंसी अर्थात पितृसम्मान दिवसका अवसरमा सम्पूर्ण पिताहरुलाई लाखौं लाख प्रणाम । सबै सन्तानहरुलाई माता पिताप्रतिको कर्तव्य पालना गरी वहाँहरुलाई सधैं खुसी राख्न आग्रह गर्दै सबै पिताहरुलाई वहाँहरुको सुस्वास्थ्य सदैव सन्तानका साथ अपार खुसी र सुखमय दीर्घजीवनका लागि हार्दिक मंगलमय शुभकामना ।

माता पितालाई जीवनमा साक्षात् भगवान देवताको रुपमा राखिएको छ । धर्मशास्त्रमा मातापितालाई बढी सम्मान गरेको पाइन्छ । हुन पनि व्यवहारिक जीवनमा पाइने शिक्षा-दीक्षाका साथै पितृअंश सन्तानका रुपमा रहेका कारणनै पिता नै पुत्रको रुपमा प्रस्तुत भएको हुन्छ । मातापिताले सानो शिशुलाई हुकाई बढाई शिक्षा-दीक्षा दिएर सारा दु:ख-कष्ट झेलेर एक सक्षम सन्तानमात्र नभई एक आदर्श नागरिकसम्म बनाउन गर्नुभएको योगदानस्वरुप सम्मानका लागि पनि यो दिवश आवश्यक रहेको छ ।

यो संसारमा चाहे जुनसुकै धर्मावलम्बी होस् ती सबैमा आआफ्नै चलन छ । चलन जे सुकै भएपनि बुबा प्रतिको आदर, सम्मान आफ्ना बुबाको हात समातेर तोते बोली बोल्दै लर्बराई लर्बराई पाइला चाल्न सिकेका हामीहरुलाई माया स्नेहको साथ दिई हिँड्न सिकाउने बुबाप्रति सम्मान गर्न धर्म या सम्प्रदायले छेकेको छैन । त्यसैले होला शब्दले बुबा आमाको व्याख्या गर्न सकिँदैन । त्यसैले होला कुसे औंसी बुबाका लागि, आमाको मुख हेर्ने दिन, गुरुको सम्झनामा गुरुपूर्णिमा यिनै दिनहरुलाई स्मरण गर्दै जीवन अघि बढेर कहिले बुबा आमा, कहिले छोरा-छोरी कहिले आफैंमा गुरुको भूमिकामा हामीहरु निर्वाधरुपमा निर्वाह गर्दै आइरहेका छौं ।

२१औं शताव्दीमा आएर बढ्दो आधुनिकताले गर्दा बुबा आमाहरुप्रति कतै-कतै आधुनिकताको खोल ओढेर बृद्ध बुबाआमालाई सम्मान गर्न हिचकिचाउँदै आफूमाथि बुबाआमाले गरेको माया मोहको सम्मान नगरी बृद्धाश्रममा राख्ने चलन बढ्दै गइरहेको यदाकदा देखिन्छ । यस क्रमलाई हामी अहिलेका यूवा पुस्ताले सच्याउन जरुरी छ । पृथ्वी गोलो छ घुमीफिरी पालो आफ्नो पनि आउँछ । त्यो समय आफूमा कस्तो अनुभुति हुने हो त्यसको मुल्यांकन गर्दै सदैव असल छोरा, असल नागरिक हुन सम्पूर्णमा आग्रह पनि गर्दछु ।

पौराणिक ग्रन्थहरुमा व्रम्हाजीको उत्पत्तिसँगै कुशको पनि उत्पत्ति भएको हो भन्ने धर्मशास्त्रमा उल्लेख भएको पाइन्छ । त्यसैले देवताहरु पनि कुशको प्रयोग गरेर कुशको पवित्रता धारण गरेर मात्र यज्ञ, व्रत, तप आदि गरेको प्रसंग धर्मशास्त्र, पुराणहरुमा धेरै पाइन्छ । कुश पवित्र धारण गरेको व्यक्ति इन्द्रको बज्र, नारायणको सुदर्शन चक्र एवम् भगवान शंकरको त्रिशूल समान नै शक्तिशाली हुन्छन् भन्ने विश्वास गरिन्छ । भगवानले वराह अवतार लिएर पृथ्वीको उद्दार गर्ने क्रममा हिरण्याक्ष दैत्यलाई वध गर्नुभई थकाई मेट्नका लागि आराम गरेर बसिर हँदा झरेका वराह भगवानका रौंहरु नै पछि कुश एवम् काँश भएर उत्पत्ति भएको प्रसङ्ग शास्त्रमा पाइन्छ । यस्तै स्वस्थानीको कथाप्रसङ्गमा पनि वृन्दाले विष्णु भगवानलाई श्राप दिएका कारण घाँस हुनुपरोस भनेको घाँस नै कुशको रुपमा उम्रिएको भन्ने कुरा त्यही स्पष्ट हुन आउछ ।

जसरी पनि भगवानसँग सम्बन्धित भएर आएको कुशलाई यज्ञ, होम पुजाआजामा प्रयोगमात्र होइन । कर्ता, आचार्य आदिले शुद्धता एवम् रक्षाणार्थ तथा बलशाली बन्न पनि कुशको पवित्रता लगाउने, कुशको आसनमा बस्ने र कुशदण्ड लिएर मात्र सन्ध्यावन्दन देखि लिएर सम्पूर्ण धार्मिक कृत्य सम्पादन गर्नुपर्ने शास्त्रीय मान्यता रहेको छ । यी सबै धर्मशास्त्रीय ग्रन्थहरुमा विशेष महत्व दर्शाइएको छ ।

घर नजिकै कुश रोप्ने, कुश रोप्नका लागि बारी नै छुट्याउने, भिरालो भएको जमिनमा कुश फस्टाउने भएकोले भिरालो जमिनमा कुश रोप्ने गरिन्छ । रोपेर उम्रिएको कुशलाई कुशे औंसीको दिन भूमि एवम् कुशको पुजा गरी क्षमा मागी कुश उखेल्ने गरेको पाइन्छ । भाद्रकृण औंसीमा कुश संकलन गरिने भएकोले यसलाई कुशे औंसी भनिन्छ । यसै दिन आफूलाई वर्ष दिन भरी चाहिने कुश संकलन गरी घरमा राखिने गरिन्छ । औंसीको दिन उखेलिएको कुश वर्षदिन भरी पवित्र रहने हुँदा वर्षभरी हिन्दु धर्म अनुसारका नित्यकर्मका लागि प्रयोग गरिन्छ । कुश उखेल्दा उत्तर फर्किएर कुशको प्रार्थना र मन्त्र पढी फेदमा समाती कुश उखेल्नु पर्दछ । यसरी उखेलिएको कुश अर्को कुशे औंसी भन्दा अगाडिका दिनसम्म बासी र अपवित्र मानिँदैन ।

कुशे औंसी भनेको घरको ढोकामा कुश राखेरमात्र मनाइने होइन । कुशे औंसीका दिन पिताको (बुवा) मुख हेरेर मिठा मिठा परिकार, लत्ता कपडा आदि उपहार दिएर मनाइनु र पितृ भइसक्नु भएकाहरुका लागि विभिन्न शक्तिपीठहरुमा गई स्नान गरी पितृको नाममा श्राद्ध गरी मनाइने चलन पनि छ ।

# मडारिँदै पूँजीवाद, फैलिँदै गरिबीको डढेलो



✍ रिसव गौतम

विश्वभर पछिल्लो दशकमा गरिबी र असमानता घट्न नसकेको विभिन्न तथ्यांकले देखाइरहेका छन् । खासगरी केही वर्षयता विश्व समुदायलाई नै अति प्रभावित तुल्याएको कोभिड-१९ को महामारी र रूस-युक्रेनबीचको युद्धका कारण विश्वमा गरिबी तथा असमानता थप बढेको छ ।

सन् २०२३ जुलाई ११ मा संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (युएनडीपी) र अक्सफोर्ड विश्वविद्यालयले सार्वजनिक गरेको कुल १११ देशहरूलाई समेटेर तयार पारेको प्रतिवेदन 'ग्लोबल मल्टी डायमेन्शनल पोभर्टी इन्डेक्स २०२३ (एमपीआई) का अनुसार विश्वमा अझै १ अर्ब १० करोड मानिस गरिबीको रेखामुनि छन् । एमपीआईले नै सन् २०२२ मा सार्वजनिक गरेको प्रतिवेदनले विश्वमा १ अर्ब २० करोड मानिस गरिबीको अवस्थामा रहेको देखाएको थियो ।

सो प्रतिवेदन अनुसार गरिबी केही घटेको देखिए पनि सन् २०२३ मा विश्वको जनसङ्ख्या ८ अर्ब ५० लाख पुगिसकेको छ । एकातिर विश्वको जनसङ्ख्या पृथ्वीले नै धान्न नसक्ने गरी बढिरहेको छ भने अर्कोतिर न्यून उत्पादन, भोकमरी, गरिबी र असमानताको दारुण अवस्था घट्न सकेको छैन । फलत: सन् २०३० सम्म विश्वबाट गरिबीको उन्मूलन गर्ने दिगो विकास लक्ष्य (एसडीजी)हरूका उद्देश्य पूरा नहुने स्पष्ट हुँदैछ ।

विश्वका नेताहरूले मानिस, पृथ्वी र समृद्धिका लागि तयार पारेको कार्ययोजनामा दिगो विकासका लागि गरिबीको अन्त्य अपरिहार्य भनिएको छ । सहस्राब्दी विकास लक्ष्य (एमडीजी) अन्तर्गत गरिबीको अन्त्य, शून्य भोकमरी, आरोग्यता तथा कल्याण, गुणस्तरीय शिक्षा, लैंगिक समानता, सफा पानी तथा सरसफाइ, खर्चले धान्न सक्ने स्वच्छ ऊर्जा, मर्यादित काम तथा आर्थिक वृद्धि, उद्योग र नवीन खोज तथा पूर्वाधार, शून्य असमानता, जिम्मेवारीपूर्ण उपभोग तथा उत्पादन, जलवायु सम्बन्धी कारबाही, जलमुनिको जीवन, जमिन माथिको जीवन, शान्ति न्याय तथा सशक्त संस्थाहरु र ती लक्ष्यका लागि साझेदारी गरी १७ वटा लक्ष्यहरु रहेका छन् । ती लक्ष्यहरुमा साविकको अवस्थाबाट सन् २०३० सम्म उपलब्धि हासिल नहुने एमपीआईकै सन् २०२३ को प्रतिवेदनले संकेत गरिसकेको छ ।

यद्यपि सो प्रतिवेदन अनुसार गत १५ वर्षमा विश्वका २५ मुलुकहरुले साविक गरिबीलाई आधामा झारेका छन् । खासगरी चीन, भारत, कम्बोडिया, कङ्गो, होन्डुरस, इन्डोनेसिया, मोरक्को, सर्बिया र भियतनाम सहितका देशहरुले गरिबीलाई निकै तल झारेको प्रतिवेदनमा उल्लेख छ । प्रतिवेदन अनुसार दक्षिणएशियामा भारतले गत १५ वर्षमा ४१५ मिलियन (४१ करोड ५० लाख) मानिसलाई गरिबीबाट माथि उठाएको छ । चीनले सन् २०१० देखि २०१४ मा ६९ मिलियन (६ करोड ९० लाख) बढी जनतालाई गरिबीबाट माथि उठाएको छ ।

एमपीआईको प्रतिवेदन अनुसार दुई तिहाइ गरिबहरु गरिबी घटाउन धुरन्धर लागिपरेका मध्यम आय भएका मुलुकहरुमा बसोबास गर्छन् भने ३५ प्रतिशत गरिब न्यून आय भएका मुलुकहरुमा बस्छन् । विश्वका गरिबहरुमध्ये ८४ प्रतिशत मानिस ग्रामीण भेगमा बस्ने गरेका छन् । विश्वका गरिबहरुमध्ये ५३ करोड ४० लाख मानिस सबसहारा अफ्रिकामा बस्छन् भने गरिबहरुमध्ये पनि ४८ करोड ५० लाख मानिस अति गरिबीको अवस्थाबाट गुज्रिएका छन् । त्यसैगरी ५६ करोड ६० लाख गरिबहरू १८ वर्ष मुनिका बालबालिका रहेका छन् ।

एमपीआईले स्वास्थ्य, शिक्षा र जीवनस्तरको क्षेत्रमा त्यसभित्रका विभिन्न उपसूचकहरुमा केन्द्रित रहेर अध्ययन प्रतिवेदन तयार गरेको हो । पछिल्लो समय विश्वव्यापी गरिबीको बहुआयामिक आयाम समेटेर तयार गरिएको यो नै यस्तो प्रतिवेदन हो, जसले समकालीन आधुनिक विश्व जगतमा गरिबीको दारुण अवस्थाको चित्र उतारेको छ ।

पछिल्लो दशक विश्वभर नै आर्थिक असमानता घट्न नसकेको तर्फ विश्वका धेरै अर्थशास्त्रीले चिन्ता र चासो व्यक्त गरिरहेका छन् । आर्थिक असमानता र गरिबी घटाउन महत्वपूर्ण कदम चाल्न सक्ने संघ-संस्थाहरुलाई विश्वका अर्थशास्त्रीहरुले सुझाव समेत दिइरहेका छन् । सन् २०१९ र २०२० मा दोस्रो विश्वयुद्ध यताकै सबैभन्दा बढी असमानता बढेको छ । विश्वका सबैभन्दा धनी १० प्रतिशतले विश्वको आयको ५२ प्रतिशत हिस्सा ओगटेको तथ्याङ्क छ । केही वर्षअघि अक्सफार्मले सार्वजनिक गरेको एक तथ्यांक अनुसार विश्वका सबैभन्दा धनी ८५ जनासँग विश्वका आधाभन्दा बढी गरिबहरूको सम्पत्तिभन्दा बढी हिस्सा रहेको अवस्था छ ।

एकातिर अहिले विश्वका अर्बौं मानिसले खाद्यान्नमा महँगी, अभाव र भोकमरी झेलिरहेका छन् भने अर्कोतर्फ यही अवधिमा विश्वमा अर्बपतिहरुको सङ्ख्या समेत बढिरहेको देखिन्छ । यसैलाई लिएर मानवीयता, सामाजिक न्यायलाई प्राथमिकता दिने विश्वका जोसेफ स्टिग्लिज, जयन्ती घोष, थोमस पिकेटी, वान्की मुन जस्ता सुप्रसिद्ध अर्थशास्त्रीहरूले संयुक्त राष्ट्रसंघ र विश्व बैंक जस्ता संस्थाहरूलाई केही महिना अघि पत्र समेत लेखेका थिए ।

विश्व बैंक र राष्ट्रसंघलाई उनीहरुले लेखेको संयुक्तपत्रमा भनिएको छ- 'यो पत्र मार्फत हामी संयुक्त राष्ट्रसंघको दिगो विकासका लक्ष्यहरु (एसडीजी) र विश्व बैंकका नयाँ रणनीतिक लक्ष्य र सूचकहरुको सुनिश्चितता गर्नका लागि चरम असमानतालाई कम गर्दै लैजाने प्रयासलाई दोब्बर बनाउन आग्रह गर्न चाहन्छौं ।'

विश्वका अर्बपतिहरुको सूची सार्वजनिक गर्ने फोर्ब्सले जनाए अनुसार सन् २०२३ मा विश्वमा २ हजार ६४० जना डलरमा अर्बपति छन् । सन् २०२३ मा विश्वका मुठीभर अर्बपतिहरूको कुल सम्पत्ति १२२ खर्ब डलर (१२.२ ट्रिलियन) रहेको छ ।

पछिल्ला वर्ष एशिया महादेशमा झन् बढी अर्बपतिहरु थपिएका छन् । त्यसले युरोप, अमेरिकाभन्दा बढी असमानता एशियामा भित्रिइरहेको देखाएको छ । फोर्ब्सको सूचीमा भारतीय नागरिकको सङ्ख्या १६७ पुगिसकेको छ । त्यसैगरी संसारभर आफूलाई कम्युनिष्ट मुलुकको रुपमा चिनाउन चाहने र समाजवादको अभ्यास गरिरहेको दाबी गर्ने चीनमै अर्बपति सङ्ख्या फोर्ब्सका अनुसार ४९५ जना पुगिसकेका छन् ।

नेपाल जस्तो गरिब देशले समेत विनोद चौधरीलाई अर्बपतिको रुपमा लगातार बोकिरहेको छ । गत वर्ष उनले नेरु ४० अर्ब सम्पत्ति थपेका थिए । यसरी विश्वभर नै चरम पूँजीवाद मौलाएको छ । जसले गर्दा सक्ने धनीले बृहत् रूपमा धन थुपारि रहेका छन् भने नसक्नेहरू एउटै धर्तीमा बेलगाम अभाव, रोग-भोक, असमानताको दारुण जिन्दगी बाँचिरहेका छन् ।

पछिल्लो चुनौती के पनि छ भने गरिबी र असमानता कुनै वर्ग, क्षेत्र अथवा देशमा सीमित नभएर कोरानाभाइरस झैं

...बाँकी पृष्ठ ३ मा

# “गत वर्षदेखि पढाईमा एकदम राम्रो उपलब्धी भएको पाएको छु”



**लक्ष्मी बस्नेत**
**सहायक प्रधानाध्यापक, कमाने एकेडेमी**

विद्यालयको योजनाकार प्रधानाध्यापक हो । विद्यालयलाई कस्तो बनाउने भन्ने प्रमुख योजना प्रधानाध्यापकको हुन्छ । प्रधानाध्यापकलाई नजिक रहेर सहयोग गर्ने सहायक प्रधानाध्यापक हो । सहायक प्रधानाध्यापक भोलिको प्रधानाध्यापक पनि हो । सहायक भनेको सहयोगी मात्रै नभई सारथी र प्रमुखलाई बढी भन्दा बढी सहयोग गर्ने भूमिकामा रहने व्यक्ति पनि हो । सहायक प्रधानाध्यापकको जिम्मेवारी, विद्यालयको शैक्षिक पृष्ठभूमि र शैक्षिक क्रियाकलापको सन्दर्भमा समृद्ध समाज दैनिकका लागि सुप्रभा शर्माले गर्नुभएको कुराकानीको सम्पादित अंशः

***समाजः विद्यालयमा पठनपाठन कसरी चल्दैछ ?***

**बस्नेत**: पठनपाठन त विद्यालयमा नियमित चल्ने नै भयो । तर बालबालिकालाई कसरी दीर्घकालिन शिक्षा दिने, कसरी व्यवहारिक ज्ञान दिने भन्ने कुरामा हामी धेरै बल गरिरहेका छौं । साथै हामीले उनीहरुको व्यक्तित्व विकासका लागि भनेर पनि काम गर्दै आएका छौँ ।

***समाजः सामान्य रुपमा विद्यालयको परिचय दिनु पर्दा तपाईले कसरी दिनुहुन्छ ?***

**बस्नेत**: कमाने एकेडेमीको परिचय दिनुपर्दा हेटौंडाको बालबालिका, अभिभावकमा फरक किसिमको मानसिकता रहेको पाएको छु । हाम्रो विद्यालयले फरक भन्दा पनि प्रगतिमूलक शिक्षातिर जाँदैछौं । विद्यार्थीले आफैँले भविष्यको बाटो देखुन्, केही गरेर लागुन्, उनीहरु आफैँले बाटो पहिल्याउने काम गर्न सकुन् भन्ने कुराले नै कमाने एकेडेमी चलेको जस्तो लाग्छ ।

***समाजः विद्यालयको एसईईको नतिजा कस्तो छ ?***

**बस्नेत**: पहिलो वर्षको तुलना गर्नु पर्दा त्यस बेलामा कोभिडको समयले लकडाउन थियो । विद्यार्थीले त गरेकै हो तर हामीले सोचेको जस्तो नतिजा पाउन सकेन । गत वर्ष र यो वर्षमा सोचे जस्तो ल्याउँछ भन्नेमा हामी पूर्ण विश्वास छौँ ।

***समाजः कक्षा १० सञ्चालन गर्ने योजना कसरी आयो, विद्यालयमा विद्यार्थी बढेको कारण वा केही व्यक्तिहरुको सल्लाहले हो ?***

**बस्नेत**: विद्यार्थीको कारणले भन्दा पनि अभिभावकहरुबाट तपाईले उत्पादन गरेका विद्यार्थी किन ८ कक्षामै रोक्नुहुन्छ । एसईई दिन पाउने विद्यालय किन नबनाएको जस्ता सकारात्मक प्रतिक्रियाले नै गर्दा हामीले सञ्चालनका लागि निर्णय गरेको हो ।

***समाजः तपाई कति समयदेखि कमाने एकेडेमीको सहायक प्रधानाध्यापकको जिम्मेवारीमा हुनुहुन्छ ?***

**बस्नेत**: सुरुमा त म पनि सामान्य शिक्षक नै थिएँ । सामान्य शिक्षकले बढी जिम्मेवारी सम्हाल्नु पर्ने रहेछ । तर मेरो विषयगत जिम्मेवारी बहन गर्नु पऱ्यो र शिक्षकहरुलाई जिम्मेवारी मिलाउनुपर्ने हुँदा केही असहज हुँदो रहेछ ।

***समाजः शिक्षक र सहायक प्रधानाध्यापकको जिम्मेवारी कस्तो चल्दो रहेछ, कि एउटै हिसाबले जाँदो रहेछ त ?***

**बस्नेत**: शिक्षकको जिम्मेवारी कक्षाकोठाको विद्यार्थीहरुको बारेमा मात्र हुन्छ भने सहायक प्रधानाध्यापकको जिम्मेवारी धेरै हुँदो रहेछ । सहायक प्रधानाध्यापकले चाहि अभिभावकले के चाहेको छ भनेर हेर्नु पर्ने रहेछ । त्यसैले यो दुइटा पाटो फरक छ ।

***समाजः तपाई र शिक्षकबीच कस्तो सम्बन्ध रहेको छ ?***

**बस्नेत**: म सहायक प्रधानाध्यापक हुँदा सम्बन्ध बिग्रेको भन्ने छैन । उहाँहरु सबै मिलानसार हुनुहुन्छ । हामीले बालबालिकाका लागि बनाएको योजना उहाँहरुले नबुझ्दा केही सम्बन्ध बिग्रिन सक्छ । उहाँहरुले मलाई सकारात्मक रुपले हेरेको पाएको छु ।

***समाजः तपाईले विद्यार्थीको पढाईमा गुणस्तर कस्तो पाउनु भएको छ ?***

**बस्नेत**: कोभिडको समयभन्दा अगाडि पढाई राम्रो थियो । कोभिडपछिको १ वर्षको समयमा विद्यार्थीको पढाईमा लगाव, ध्यान नजाने जस्तो व्यवहार भएको पाएको थिएँ भने गत वर्षदेखि पढाईमा एकदम राम्रो उपलब्धी भएको पाएको छु ।

***समाजः विद्यालयले पढाईका लागि के कस्ता योजनाहरु बनाउँदै हुनुहुन्छ ?***

**बस्नेत**: हामीले बालबालिकाका लागि धेरै कोचिङ कक्षाहरु पनि राख्नुहुँदैन । उनीहरुले आफैँले सिक्ने कसरी बनाउन सकिन्छ भनेर कोचिङ कक्षाहरु पनि हामीले सञ्चालन गरेका छैनौं । हामीले विद्यालयमा विद्यार्थी कसरी पढ्दै छन् भनेर अभिभावकहरुसँग जनसम्पर्कमा रहिरहेका छौं भने हामीले एक जना शिक्षक नै खटाएका छौं उहाँले विद्यार्थी पढ्नका लागि तालिकाअनुसार पढ्दै छ या छैन भनेर हेर्नुहुन्छ । अभिभावकबाट पनि बालबालिकाले गरेका सकारात्मक पढाई, लेखाइको जस्ता प्रतिक्रिया हामीले पाएका छौं ।

***समाजः निजी विद्यालयहरुले शुल्क धेरै लिएको पाईन्छ । कमाने एकेडेमीका विद्यार्थीका अभिभावकको आर्थिक अवस्था कस्तो पाउनुभएको छ । विद्यालयको शुल्क कस्तो छ ?***

**बस्नेत**: हाम्रो अभिभावकको जीवनस्तर, आर्थिक अवस्था मध्यमस्तरको छ । उहाँहरुले तिर्न सक्नेगरी शुल्क राखेका छौं जस्तो लाग्छ ।

# आज बुवाको मुख हेर्ने दिन

समाज संवाददाता

हेटौँडाः आज भाद्र कुशे औंसी, पुजनीय बुवालाई सम्मान प्रकट गर्दै मनाइँदै छ । आजको दिनलाई बुवाको मुख हेर्ने दिन पनि भनिन्छ । यस दिन आफ्नो बुवालाई भेटेर मिठा परिकार खान दिने, उपहार दिने र आशिर्वाद लिने चलन छ । बुवालाई भेट्न नसक्नेहरुले भने टेलिफोन वा भिडियो कल गरेर सम्झिने गर्दछन् ।

‘पितृदेवो भव’ भन्ने धार्मिक मान्यताअनुरूप यस दिन छोराछोरीहरूले आफ्ना बुवालाई श्रद्धापूर्वक रुचिअनुसारको खाना खुवाई आशीर्वाद प्राप्त गरेमा सुख मिल्ने विश्वास छ । बुवा नहुनेहरू विभिन्न पवित्र स्थानमा गई आफ्ना बुवाको नाममा तर्पण, पिण्डदान तथा श्राद्ध गरी सिदा दिन्छन् । यस अवसरमा काठमाडौंको गोकर्णेश्वर महादेव मन्दिर परिसरमा दिवंगत बुवाको नाममा तर्पण, पिण्डदान तथा सिदादान गर्नेहरूको भीड लाग्ने गरे पनि यस वर्ष कोरोना भाइरसको संक्रमण बढ्दै गएकाले मन्दिर क्षेत्र पूर्णरुपमा सिल गरिएको छ ।

भाद्र कृष्ण औंसीका दिन वैदिक सनातन धर्मावलम्बीले वर्षभरि देवकार्य



तथा पितृ कार्यमा प्रयोग गरिने पवित्र कुश घर-घरमा भित्राउने पनि गर्दछन् । शास्त्रोक्त विधिअनुसार ब्राह्मणद्वारा पूजा गरी उखेलेर जजमानकहाँ पुऱ्याइएको कुश घरमा राख्नाले परिवारको कल्याण हुने धार्मिक विश्वास छ ।

आजका दिन उखेलिएको कुश वर्षभर प्रयोग गर्न सकिने र अरु दिन उखेलिएको कुश त्यसै दिन मात्र उपयोग गर्न सकिने शास्त्रीय मान्यता रहेको छ । सनातन धर्मावलम्बीले कुश, तुलसी, पीपल र शालिग्रामलाई भगवान् विष्णुको प्रतीक मान्दछन् ।

# नेम्वाङको आज पशुपतिमा अन्त्येष्टि गरिने



काठमाडौंः सोमबार राति निधन भएका संविधानसभा अध्यक्ष सुवास नेम्वाङको आज बिहीबार अन्त्येष्टि गरिने भएको छ । दुई दिनसम्म पार्टी कार्यालय, च्यासलमा राखिएको उनको पार्थिव शरीरलाई बुधबार बालुवाटारस्थित निवासमा लगिएको थियो ।

एमालेको केन्द्रीय प्रचार एवम् प्रकाशन विभागका सचिव गगन विष्टका अनुसार बिहिबार विहान ११ बजे पशुपति आर्यघाटमा राजकीय सम्मानका साथ नेम्वाङको अन्त्येष्टि गरिनेछ । त्यसअघि शवयात्रा हुनेछ । शवयात्रा बालुवाटार, शिक्षण अस्पताल, महाराजगञ्ज, धुम्बाराही, चाबहिल, गौशाला हुँदै पशुपति आर्यघाटमा पुग्नेछ । *स्रोतः अनलाइनखबर ।*

# मडारिँदै पूँजीवाद...

सम्हाल्नै मुस्किल पर्ने गरी फैलिएको छ । एकातिर विश्वभर पूँजीवाद मडारिएको छ भने समाजवाद र सामाजिक न्याय यत्रतत्र कमजोर बनिरहेको छ ।

**नेपालमा गरिबीको अवस्था**

हुनत नेपालमा अहिले चरम गरिबी र अभावको भुंग्रोमा सेकिएका जनताको समर्थन पाएका पुष्पकमल दाहाल प्रचण्ड सत्ताको नेतृत्वमा छन् । तर गरिबको अभिमत पाएर पनि गरिबी निवारण, भोकमरी नियन्त्रण, असमानता उन्मूलनमा प्रचण्ड सरकारले कामै गर्न सकेको छैन । सत्तामा नरहँदा गरिबीको भुङ्ग्रोमा सेकिएका जनताको घरदैलो पुग्ने उनले सत्तामा र हेर त्यो वर्गको स्तरोन्नति गर्न हिम्मतिलो नीतिगत एवं कार्यक्रमिक कदम चाल्न सकिरहेका छैनन् ।

नेपालमा कुल जनसङ्ख्याको १७.४ प्रतिशत अर्थात् ४.९ मिलियन (४९ लाख) जनता अझै गरिबीको रेखामुनि रहेको युनिसेफ तथा युएनडीपी नेपालले राष्ट्रिय योजना आयोगसँगको सहकार्यमा तयार पारेको सन् २०२१ मा सार्वजनिक ‘नेपाल मल्टी डायमेन्शनल पोभर्टी इन्डेक्सः एनालाइसिस टुवार्ड एक्सन’ प्रतिवेदनमा उल्लेख छ ।

सो प्रतिवेदनमा नेपालले सन् २०१४ देखि २०१९ का बीच ३१ लाख जनसङ्ख्यालाई गरिबीबाट उकासेको पनि उल्लेख छ । यद्यपि निरपेक्ष गरिबीमा रहेको जनसङ्ख्या १७.४ प्रतिशत भए पनि बहुआयामिक गरिबीमा रहेको जनसङ्ख्या २८.६ प्रतिशत रहेको छ । नेपालको आर्थिक विकास र समृद्धि नहुनुको काँडेतार गरिबी नै हो । यसलाई उन्मूलन गर्ने कुरामा सर्वपक्षीय ध्यान र लगानी जरूरी छ ।

निरपेक्ष गरिबीले तोकिएको आय भन्दा कम आयले जीवनका आधारभूत आवश्यकता समेत पूरा गर्न कठिनाइको अवस्था इंगित गर्छ । त्यसलाई उन्मूलन गरेर आम मानिसको ध्यान विकास र समृद्धिमा केन्द्रित गर्नुपर्ने आवश्यकता छ ।

नेपालमा गरिबी निवारण गर्ने उद्देश्यले नै सरकारी तवरबाटै विभिन्न कार्यक्रम सञ्चालित छन् । तर ती कार्यक्रमहरु प्रभावकारी हुन नसकेको लक्षित रूपमा गरिबी घट्न नसकेको तथ्याङ्कले पुष्टि गर्दछ । बरु पछिल्लो दशक जे-जति गरिबी घटिरहेको छ, त्यसमा नेपालीको वैदेशिक रोजगारीका कारण भित्रिएको रेमिट्यान्सले निकै ठूलो योगदान दिएको छ ।

सरकारले गरिबी घटाउन लक्षित गरिबी निवारण कोष नै भ्रष्टाचारको थलो भएपछि २०७८-७९ को बजेट वक्तव्य मार्फत कोष नै खारेजी गरेको थियो । गरिबी घटाउन स्थापित महत्वपूर्ण संस्था नै भ्रष्टाचारमा लिप्त भएर खारेजीमा परेपछि सरकारले आफ्नो महत्वपूर्ण प्रयासले गरिबी घटेको दाबी गर्नु बेकार छ । गरिबी घटाउने काममा सिन्कोसम्म भाँच्न नसकेको गरिबी निवारण कोषका निर्देशक सहित १५ जना कर्मचारीले भ्रष्टाचार गरेको विशेष अदालतले नै पुष्टि गरेको थियो ।

गरिबी निवारण गर्न युवा स्वरोजगार कार्यक्रम, गरिबसँग विश्वेश्वर कार्यक्रम, ग्रामीण स्वावलम्बन कार्यक्रम, लघुउद्यम विकास कार्यक्रम, प्रधानमन्त्री रोजगार कार्यक्रम जस्ता अरू विविध कार्यक्रम सरकारी तवरमै सञ्चालित छन् । तर ती कार्यक्रमहरू कत्ति पनि प्रभावकारी हुनसकेका छैनन् ।

खासगरी त्यस्ता कार्यक्रमहरूमा सिर्जनात्मकताको अभाव, भ्रष्टाचार र अनियमितताको व्यापकता, कमजोरीहरुको निरन्तरताले प्रभावकारी हुनसकेका छैनन् । सरकारी तवरबाट सञ्चालित गरिब लक्षित कार्यक्रमहरु प्रभावकारी हुन नसक्दा अहिले पनि नेपालमा भोकमरी र असमानताको अवस्था व्यापक छ ।

कन्सर्न वर्ल्ड वाइड र वेल्ट हङ्गर हाइलाइफले तयार पारेको विश्व भोकमरी सूचकांक प्रतिवेदन २०२२ अनुसार १२१ मुलुकमा नेपाल ८१औं स्थानमा रहेको छ । प्रतिवेदनले नेपाललाई भोकमरीमा मध्यमस्तरको जोखिममा रहेको देखाएको छ । प्रतिवेदन अनुसार भोकमरीको जोखिम सबैभन्दा कम रहेकोमा बेलारुस १ नम्बरमा छ भने सबैभन्दा बढी भोकमरीको जोखिममा यमन १२१औं नम्बरमा रहेको छ । प्रतिवेदन अनुसार नेपालमा सबैभन्दा बढी भोकमरीको जोखिम कर्णाली प्रदेशमा रहेको छ । नेपालमा ४० लाखभन्दा बढी मानिस भोकमरीको चपेटामा रहेको हुनसक्ने अनौपचारिक अध्ययनहरुले देखाएका छन् ।

नेपालमा मात्रै नभएर विश्वव्यापी रूपमा गरिबी, असमानता र भोकमरीको अवस्था झन्-झन् विकराल बनिरहँदा विश्वका नेताहरूले त्यसतर्फ सोच्न जरुरी देखिन्छ । अहिले छिमेकी भारतमा विश्वको ८५ प्रतिशत अर्थतन्त्रको नेतृत्व गरेका मुलुकहरूको सहभागितामा चलिरहेको जी २० को बैठकमा यस्ता विषयहरुमा छलफल हुन जरूरी हुन्थ्यो । तर त्यो भएन ।

विश्वका देशहरु त्यस खालको अन्तर्राष्ट्रिय मञ्चहरुमा खालि व्यापार र जलवायु परिवर्तनका मुद्दाहरुमा मात्र नभएर विश्वव्यापी गरिबी, असमानता र भोकमरीको संकट कसरी कम गर्ने भन्नेमा संवेदनशील हुन आवश्यक छ ।

*(गौतम आर्थिक लेखक तथा विश्लेषक हुन् । स्रोतः अनलाईनखबर)*

# नगर प्रहरीका ४२ हवल्दार निलम्बित

काठमाडौंः काठमाडौं महानगर पालिकाले असईको फुली लगाएपछि नगर प्रहरीका ४२ जना हवल्दार निलम्बनमा परेका छन् । २५ असारमा महानगर पालिकाले नगर प्रहरी हवल्दारलाई तेस्रो तहबाट चौथो तहमा बढुवा गरेको थियो । ती हवल्दारले आफूहरु असईमा बढुवा भएको ठानी असईको फुली लगाएपछि महानगरपालिकाले कारबाहीस्वरुप निलम्बन गरेको हो ।

महानगरपालिकाका अनुसार उनीहरु बढुवा भएर असई भएका थिएनन् । प्रमुख प्रशासकीय अधिकृत वसन्त अधिकारीले भने, ‘आज जसजसले अनुशासनको उलंघन गर्नुभयो, सबै हवल्दारहरु निलम्बन भइसके ।’ उनले महानगरको प्रमुख प्रशासकीय अधिकृतले मात्रै दर्ज्यानी चिह्न वितरण गर्ने अधिकार भएकाले जथाभावी गर्न नपाउने बताए । ‘पार्टी प्यालेस, होटल, चौरमा वा अन्य ठाउँमा दर्ज्यानी चिह्न जसले पायो, त्यसले बाँड्ने होइन, महानगरले आधिकारिक कार्यक्रम मात्रै गरेर बाँड्ने कुरा हो’, उनले भने ।

ती नगर प्रहरीले भने आफूहरु बढुवा भएको दुई महिना भइसक्दा पनि महानगर पालिकाले दर्ज्यानी चिह्न नलगाइदिएका कारण अभिभावक मार्फत लगाएको प्रतिक्रिया दिएका छन् । एक हवल्दारले भने, ‘आफ्ना अभिभावकहरु मार्फत हामीले फुली लगाएका हौं । बढुवा भएपछि पनि कार्यालयले वेवस्ता गरेपछि अभिभावको हातबाट बढुवा भएपछिको पदको दर्ज्यानी चिन्ह लगाएका हौं ।’ नगर प्रहरी प्रमुख राजुनाथ पाण्डेले ती नगर प्रहरीले अनुशासनको उलंघन गरेको बताए ।

*स्रोतः अनलाइनखबर ।*

# परराष्ट्रमन्त्री साउद न्यूयोर्कमा

वाशिङ्टन डिसीः संयुक्त राष्ट्रसङ्घको ७८औँ महासभामा भाग लिन नेपालका परराष्ट्रमन्त्री नारायणप्रसाद साउद मङ्गलबार अबेर न्यूयोर्क आइपुगेका छन् । मन्त्री साउदलाई राष्ट्रसङ्घका लागि स्थायी नियोग प्रमुख लोकबहादुर थापा, न्यूयोर्कस्थित नेपाली कन्सुलेट जनरल विष्णु गौतमलगायतका अधिकारीले स्वागत गरेका थिए ।

न्यूयोर्कस्थित नेपाली नियोगले दिएको जानकारी अनुसार परराष्ट्रमन्त्री साउदले आजदेखि राष्ट्रसङ्घको विभिन्न फोरममा सहभागिता जनाउनेछन् । गत सेप्टेम्बर ५ देखि सुरु भएको वार्षिक महासभामा विश्वभरका उच्चस्तरका नेताहरुले सेप्टेम्बर १९ तारिखदेखि सम्बोधन हुने कार्यतालिका रहेको छ । यसपटकको महासभालाई नेपालका प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ ले आगामी असोज ४ गते सम्बोधन गर्ने कार्यक्रम रहेको छ । *स्रोतः अनलाइनखबर ।*

हेटौँडा रिफरेन्स ल्याबरोटरी
ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।

Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।
साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।
(HRL)
खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म
सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।
थप जानकारीको लागि HRL
हेटौँडा रिफरेन्स ल्याबरोटरी
हेटौँडा–१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७–५२०४५७

We Are Open
हाम्रो सेवाहरू:

• ताजा तरकारी/फलफूल होलसेल तथा खुद्रा बिक्री गरिन्छ ।
• फ्रेस जुस/फ्रुट सलाद पार्टी सेमिनारको लागि प्याकिङको पनि व्यवस्था छ ।
• BUBBLE TEA, SMOOTHIES, MILKSHAKE, LASSI
• लोकल अन्नबाली
• ग्रीन प्लान्ट/गमला
• व्यावसायिक कृषि सम्बन्धि आवश्यक परामर्श सेवाहरु
सम्पर्क: ९८४५४३८८६0/0५७-५९११५९
DURBAR AGRO MART
Hetauda–4, Shitalmahal road

# जिल्ला खेलकुदद्वारा खेलसामग्री हस्तान्तरण



खेलसामग्री हस्तान्तरण गरिँदै ।

समाज संवाददाता

हेटौंडा: मकवानपुर जिल्ला खेलकुद विकास समितिले मकवानपुरको मकवानपुरगढी गाउँपालिका र बकैया गाउँपालिकामा आयोजना गरिएको खेलकुद प्रतियोगिताका लागि खेलसामग्री सहयोग गरेको छ । जिल्ला खेलकुद विकास समितिका अध्यक्ष वेश खड्की र कार्यालय प्रमुख माधव कोइरालाले खेलसामग्री हस्तान्तरण गर्नुभएको छ ।

मंगलबारदेखि बकैया गाउँपालिका-८ मा सुरु भएको नकआउट फुटबल प्रतियोगिताका लागि जिल्ला खेलकुदले प्रथम र द्वितीय हुने टिमलाई प्रदान गरिने सिल्ड सहयोग गरेको छ। समितिका अध्यक्ष वेश खड्कीले उद्घाटन कार्यक्रममा सिल्ड हस्तान्तरण गर्नुभएको हो । यस्तै बुधबार मकवानपुरगढी गाउँपालिकाको उद्यमशील नेपाल युवा क्लबलाई ३ थान फुटबल हस्तान्तरण गरिएको छ भने केही दिनमा भलिबल र कराते खेलसामग्री हस्तान्तरण गरिने खेलकुद विकास समितिका अध्इक्ष वेश खड्कीले जानकारी दिनुभएको छ। खेलकुद विकास समितिले जिल्लामा हुने खेलकुद प्रतियोगिताका आयोजकलाई प्रोत्साहन गर्न खेलसामग्री सहयोग गर्ने योजना बनाएको छ ।

# काठमाडौं केन्द्रित आन्दोलन गर्ने शिक्षक महासंघको घोषणा

काठमाडौं: नेपाल शिक्षक महासंघले सरकारले संसद सचिवालयमा दर्ता गराएको विद्यालय शिक्षा विधेयकको विरोधमा काठमाडौं केन्द्रित आन्दोलन गर्ने घोषणा गरेको छ । बुधबार महासंघले एक विज्ञप्ति जारी गरी सो विधेयकको विरोधमा देशभरका सबै विद्यालय ठप्प पारी काठमाडौं केन्द्रित आन्दोलन गर्ने घोषणा गरेको हो ।

राज्यले फेरि एकपटक शिक्षक कर्मचारीलाई धोका दिएको जनाउँदै सरकारको यो कदमले शिक्षक कर्मचारीलाई आक्रोशित बनाएको महासंघले जनाएको छ । विज्ञप्तिमा भनिएको छ- 'विधेयकको प्रस्तावित मस्यौदामा सुझाव समावेश गर्ने प्रयोजनका लागि माननीय उपप्रधानमन्त्रीको संयोजकत्वमा माननीय शिक्षामन्त्री, मुख्यसचिव, शिक्षा सचिव, कानुन सचिव र अर्थ सचिव लगायत रहेको कार्यदल र नेपाल शिक्षक महासंघको प्रतिनिधिमण्डलबीच छलफलसमेत भएको छ। यस्तो छलफल, संवाद र लगातारका थुप्रै भेटघाट तथा पक्षीकरणपछि पनि केही झिनामसिना विषयवस्तुबाहेक पुरानो मस्यौदामा कुनै परिवर्तन नगरी विधेयकको रुपमा सरकारले संसदमा दर्ता गरेको छ। यस घटनापश्चात् सरकारले फेरि एकपटक शिक्षक कर्मचारीलाई धोका दिएको छ।'

महासंघले अब काठमाडौं केन्द्रित सडक आन्दोलनमा जानुबाहेक कुनै विकल्प बाँकी नरहेको समेत बताएको छ । सो विधेयकले शिक्षक कर्मचारीका मागमुद्दा सम्बोधन नगरे काठमाडौं केन्द्रित सडक आन्दोलन गर्ने निर्णय यसअघि नै गरिसकेको उल्लेख गर्दै सोही निर्णयबमोजिम बिहीबार बस्ने महासंघको आन्दोलन परिचालन समितिको बैठकले सबै सरोकारवाला समूहबीचको छलफलबाट आन्दोलनको कार्यक्रम तालिका सार्वजनिक गर्ने महासंघले जनाएको छ ।

महासंघले आन्दोलनका लागि तयारी अवस्थामा रहन आफू मातहतका सबै संघ-संस्थालाई आग्रह गरेको छ । सरकारले बुधबार नै विद्यालय शिक्षा विधेयक संसद सचिवालयमा दर्ता गराएको थियो । *(स्रोत: रातोपाटी)*

स्वादिष्ट नेवारी खाजा



अब होटल बासुकला (फास्टफुड) मा

स्वादका पारखीको विश्वास जित्दै २५ बर्षदेखि निरन्तर सेवामा समर्पित स्वादिष्ट नेवारी खाजा घरमा स्वागत गर्दछौं ।

नेवारी खाजा सेट, म:म, चाउमिन, बारा, योमरी लगायत

सुख्खा रोटी, आलु पराठा, फ्राइ राइस, मटन मम, बिरयानी, कोन डग, सेकुवा, चिकेन क्रन्ची,

होम डेलिभरीको पनि सुविधा रहेको जानकारी गराउँदछौं ।

०५७-५२६०१३

# नगरस्तरीय शिक्षक कर्मचारी खुल्ला चेस प्रतियोगिता हुने

समाज संवाददाता

हेटौंडा: हेटौंडामा आगामी असोज ६ गते र ७ गते नगरस्तरीय शिक्षक-कर्मचारी खुल्ला बुद्धिचाल (चेस) प्रतियोगिता हुने भएको छ। प्रतियोगिता संस्थागत विद्यालय शिक्षक युनियन हेटौंडा उपमहानगर पालिका समितिको आयोजनामा हेटौंडा-५, स्थित जीएस निकेतन माविमा हुन लागेको हो ।

प्रतियोगितामा प्रथम हुनेलाई ५ हजार, द्वितीय हुनेलाई ४ हजार, तृतीय हुनेलाई ३ हजार प्रदान गरिनेछ भने सान्त्वना पुरस्कारको पनि व्यवस्था रहेको छ। चेस प्रतियोगितामा सहभागी हुनका लागि बुधबारदेखि नाम दर्ता खुला गरिएको छ। सहभागी दर्ता गर्न ५ सय रुपैयाँ लाग्ने युनियन अध्यक्ष नवीनकुमार मिश्रले बताउनुभयो । उहाँका अनुसार चेस प्रतियोगितामा सहभागीहरुलाई खाजा र खानाको व्यवस्था गरिएको छ । प्रतियोगिता सम्पन्न गर्न लगभग ५० हजार रुपैयाँ खर्च हुने अनुमान गरिएको अध्यक्ष मिश्रले बताउनुभयो ।

# बालेन शाह टाइम म्यागजिनको सय प्रभावशाली व्यक्तिको सूचीमा



काठमाडौं: प्रतिष्ठित टाइम म्यागजिनले काठमाडौं महानगरका मेयर बालेन शाहलाई यसवर्षका सय प्रभावशाली व्यक्तिको सूचीमा छनोट गरेको छ । म्यागजिनले तयार पारेको सूचीमा बालेनको नाम पनि समावेश छ ।

सन् २०१५ को विनाशकारी भूकम्पको समयमा बालेनले जनताको साना तथा अत्यावश्यक समाधानमा जोड दिएको उल्लेख गर्दै म्यागजिनले फोहोर विसर्जन, सरसफाइ, सुरक्षित पिउने पानी, सफा सडक र सहरी विकाससँगै सांस्कृतिक सम्पदाको संरक्षणमा शाहले योगदान दिएको बताएको छ ।

सहरका गैरकानूनी संरचना भत्काएर आफ्ना प्रतिबद्धताको कार्यान्वयनमा बालेन अघि बढेको भन्दै म्यागजिनले प्रशंसा समेत गरेको छ। 'शक्तिमा पुगेदेखि शाहले ल्यान्डफिल साइट प्रयोग गर्न अधिकारीसँग सम्झौतामा हस्ताक्षर गरेका छन् । साथै, कुहिने र नकुहिने फोहोर व्यवस्थापन गर्ने घोषणा पनि गरेका छन्' टाइम म्यागजिनका लागि आस्था राजवंशीले लेखेकी छन् ।

'स्ट्रक्चरल' इन्जिनियरिङमा स्नातकोत्तर गरेका ३३ वर्षीय बालेनले स्वतन्त्र रूपमा चुनाव लडेको उल्लेख गर्दै म्यागजिनले टिकटक, ट्विटर र इन्स्टाग्रामको प्रयोग गरेर मतदातामाझ बालेन इफेक्टको प्रयोग गरेको जनाइएको छ। 'गत वसन्तको स्थानीय चुनावमा यी स्वतन्त्र उम्मेदवारले दिग्गज राजनीतिज्ञमाथि विजय हासिल गरे' म्यागजिनले लेखेको छ ।

टाइम म्यागजिनले कलाकार, प्रतिभावान पपगायक, अन्वेषक, नेता, वकालतजस्ता विधामा समेत प्रभावशाली व्यक्ति छनोट गरेको छ । आफ्नो क्षेत्रमा प्रभाव हासिल गरेका व्यक्तिलाई ध्यानाकर्षण गराउन म्यागजिनले टाइम १०० व्यक्तिको सूची तयार पारेको जनाइएको छ । 'एक महान पत्रिका र एक महान मिडिया कम्पनीले वर्तमानलाई मात्र प्रतिबिम्बित गर्नु हुँदैन, हामी भविष्यका लागि पनि अघि बढ्नुपर्छ जसले समाजको भविष्य र भविष्यका नेताहरू कस्तो हुनेछन् भनेर देखाउँदछ' म्यागजिनले लेखेको छ, 'टाइम १०० को सूची बनाउन हामीले टाइमका संवाददाता र सम्पादकको विश्वब्यापी संजाललाई प्रयोग गरेका छौं ।' स्रोत: अनलाइनखबर ।

## पञ्चरत्न बचत तथा ऋण सहकारी संस्था लि. को

## सातौं वार्षिक साधारणसभा सम्बन्धी सूचना

यस पञ्चरत्न बचत तथा ऋण सहकारी संस्था लिमिटेडको सातौं साधारणसभा तपसील बमोजिमका प्रस्तावहरुमा आवश्यक छलफल गरी उपयुक्त निर्णय गर्न उल्लेखित मिति, समय र स्थानमा आयोजना गरिएकोले सम्पूर्ण सेयर सदस्यज्यूहरुलाई उपस्थितिका लागि जानकारी गराइन्छ ।

**प्रस्तावहरू:**

१) अध्यक्ष, सचिव र कोषाध्यक्षको प्रतिवेदन ।
२) चालु आर्थिक वर्ष २०८०/८१ को अनुमानित आय-व्यय प्रस्तुती तथा पारित गर्ने ।
३) ऋण उपसमिति, लेखा समितिको प्रतिवेदन प्रस्तुती तथा पारित गर्ने ।
४) एकीकरण सम्बन्धमा ।
५) गैरवित्तीय सम्पत्ति विक्री सम्बन्धमा ।
६) संरक्षित पुँजी फिर्ता कोष वितरण सम्बन्धमा ।
७) जगेडा कोषमा रकम स्थानान्तरण सम्बन्धमा ।
८) आन्तरिक कार्यविधि पारित सम्बन्धमा ।
९) लेखा परीक्षक नियुक्ति तथा पारिश्रमिक निर्धारण सम्बन्धमा ।
१०) साधारणसभाको माइन्युट प्रमाणित गर्ने सम्बन्धमा
११) विविध ।

मिति: २०८०/०६/२० गते
समय: बिहान ११:०० बजे
स्थान: क्लब हेटौंडा पार्टी प्यालेस
हेटौंडा-४,

**नोट**:- संस्थाका सदस्यको परिवारका सदस्य विद्यार्थी मध्ये एसईईमा उत्कृष्ट ग्रेड ल्याउने विद्यार्थीलाई सम्मान गरिने हुँदा मिति २०८० साल असोज १५ गतेसम्ममा दावी प्रस्तुत गर्न पनि आव्हान गरिन्छ ।

**अध्यक्ष**
**पञ्चरत्न बचत तथा ऋण सहकारी संस्था लि.**
**हेटौंडा-२, मकवानपुर**

# बागमती प्रदेश सरकारले संघीय सरकारलाई रिट हाल्ने

समाज संवाददाता

हेटौंडा: बागमती प्रदेश सरकारले संघीय सरकारलाई विपक्षी बनाएर रिट हाल्ने भएको छ । बागमती प्रदेश सरकारको बुधबार बसेको मन्त्रिपरिषद् बैठकले बमगमती प्रदेशको श्रम रोजगार मन्त्रालयले संघीय सरकारविरुद्ध रिट हाल्ने निर्णय भएको बागमती प्रदेश सरकारका उद्योग, वाणिज्य, भूमि तथा प्रशासनमन्त्री रामकृष्ण चित्रकारले जानकारी दिनुभयो ।

नेपालको संविधानको अनुसूची ६ मा प्रदेशको एकल अधिकार सूचीमा सवारी साधन कर, यातायात र प्रदेश लोकमार्ग उल्लेख भए पनि केन्द्र सरकार प्रदेशको एकल अधिकार हुनेगरी अघि बढेको भन्दै रिट निवेदन दिने निर्णय भएको उहाँले बताउनुभयो। त्यस्तै, बैठकले प्रदेश सरकारी कामकाजको भाषा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०८० प्रदेशसभामा पेश गर्ने निर्णय गरेको छ ।

बैठकले प्रदेश नीति तथा योजना आयोग सदस्यमा प्रदीपकुमार मैनालीलाई नियुक्त गर्ने निर्णय गरेको छ । बैठकले ११ औं तहको पूर्णबहादुर दर्जीलाई प्रदेशसभाको सचिवमा लैजाने निर्णय गरेको छ ।

# १८ जनामा डेंगु पुष्टि

समाज संवाददाता

हेटौंडा: मकवानपुरमा पछिल्लो २४ घण्टाको अवधिमा १८ जनामा डेंगु संक्रमण पुष्टि भएको छ। जिल्ला स्वास्थ्य कार्यालय मकवानपुरले बुधबार सार्वजनिक गरेको विवरणअनुसार १८ जनामा डेंगु पुष्टि भएको हो ।

डेंगु हुनेमा धेरै संक्रमित हेटौंडा उपमहानगरपालिकाभित्रका रहेका छन् । बुधबारमात्र हेटौंडाका १२ जना बासिन्दामा डेंगु संक्रमण पुष्टि भएको छ । यस्तै, मनहरी गाउँपालिकाका ५ जना र बकैया गाउँपालिकाका १ जनामा पनि डेंगु भेटिएको हो ।

मकवानपुरमा साउन महिनायता ४ सय ४५ जनामा डेंगु संक्रमण भइसकेको छ । जसमा हेटौंडाका मात्र २ सय ९८ जना रहेका छन् । हालसम्म थाहा नगरपालिकाका १, मकवानपुरगढी गाउँपालिकाका १२, बागमती गाउँपालिकाका २१, मनहरी गाउँपालिकाका ३९, इन्द्रसरोवर गाउँपालिकाका २, भीमफेदी गाउँपालिकाका १०, बकैया गाउँपालिकाका १५ र राक्सिराङ गाउँपालिकाका १ जनामा डेंगु संक्रमण पुष्टि भएको तथ्याङ्क रहेको छ ।

## नवयुवा बचत तथा ऋण सहकारी संस्था लि. को

## वार्षिक साधारणसभा सम्बन्धी सूचना

यस नवयुवा बचत तथा ऋण सहकारी संस्था लिमिटेडको १५ औं वार्षिक साधारणसभा तपसील बमोजिम आयोजना हुने भएकोले सम्पूर्ण सेयर सदस्यज्यूहरुलाई उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ ।

मिति: २०८० भाद्र ३० गते शनिबार
समय: बिहान ९ बजेदेखि दिउँसो २:३० बजेसम्म
स्थान: त्रिभुवन मावि परिसर, हेटौंडा-११

**फुलमान श्रेष्ठ**
**अध्यक्ष**
**नवयुवा बचत तथा ऋण सहकारी संस्था लि.**
**हेटौडा-११, नवलपुर**

## नमूना प्रगति बचत तथा ऋण सहकारी संस्था लि.को

## साधारण सभा तथा अधिवेशनसम्बन्धी सूचना

यस सहकारी संस्थाको निर्वाचनसहितको २३औं वार्षिक साधारणसभा तपसिल बमोजिम हुने भएको हुँदा आदरणीय शेयर सदस्यज्यूलाई एसएमएस, सामाजिक सञ्जाल, एफएम रेडियोबाट जानकारी गराइसकेका छौं । यदि विशेष कारणवश सूचना प्राप्त नगर्नुभएको भए यसै सूचनालाई आधार मानी अनिवार्य उपस्थिति भईदिनुहुन शेयर सदस्य महानुभावहरुमा हार्दिक अनुरोध गर्दछौं ।

**तपसिल**
मिति: २०८० भाद्र ३० गते शनिबार
समय: बिहान १०:०० बजे
स्थान: रोयल पार्टी प्यालेस, हेटौंडा-४, मेनरोड

**नमूना प्रगति बचत तथा ऋण सहकारी संस्था लि.**
**हेटौंडा-२, मकवानपुर**




समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगाना: हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशक: रोजिना श्रेष्ठ, सम्पादक: सुरेश श्रेष्ठ